केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१५/०७४/७५ मिति: २०७४/१२/१४

## सूचना

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु

महाशय,

२०७२ बैशाख १२ गते र तत्पश्चात आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई घर पुनिर्माणका लागि तोकिएका शर्त तथा व्यवस्थाहरुको पालना हुने गरी प्रवाह गरिएको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलब्ध गराउदै आइएको व्यहोरा त्यस बैंक/वित्तीय संस्थालाई विदितै छ । भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ अन्तर्गत हालसम्म २४ वटा बैंक तथा वित्तीय संस्था मार्फत ७७४ जना घरपरिवारहरुलाई हालसम्म रु. १ अर्ब ३३ करोड पुनरकर्जा स्वीकृत भई प्रवाह भइसकेको व्यहोरा जानकारी गराउदै केही बैंक तथा वित्तीय संस्थाका शाखाका सम्बन्धित कर्मचारीहरुले यस्तो सुविधाका बारेमा आफूलाई जानकारी नभएको वा यस्तो सुविधा आफ्नो बैंक वा वित्तीय संस्थाले प्रवाह नगरेको जस्ता व्यहोरा सम्बन्धित पक्षलाई जानकारी गराउने गरेको मौखिक गुनासो टेलिफोनको माध्यमबाट यस बैंक समक्ष आउने गरेको हुँदा सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुलाई आफ्ना शाखाहरु मार्फत जिम्मेवारपूर्ण ढंगबाट सम्बन्धित पक्ष समक्ष पेश हुने व्यवस्थालाई प्रभावकारी बनाउनु हुन ध्यानाकर्षण गराइएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:

१. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिहंदरबार, काठमाडौ ।

२. नेपाल सरकार, अर्थ मन्त्रालय, सिहंदरबार, काठमाडौ ।

३. नेपाल बैंकर्स संघ, थापाथली, काठमाडौं ।

४. डेभलपमेन्ट बैंकर्स एसोसिएसन्, हाडीगाउँ, काठमाडौं ।

५. नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार, काठमाडौं ।